# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (३) चितवन, माघ २६, २०७६ साल अंक ८

### भाग १

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ को ऐन नं. ८

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाको आर्थिक कार्यविधि नियमीत तथा व्यवस्थित गर्न बनेको कानून २०७४ लाई संशोधन गर्न बनेको ऐन २०७६

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०७६/१०/२६

**प्रस्तावना** : खैरहनी नगरपालिकाको आर्थिक कार्यविधि नियमीत तथा व्यवस्थित गर्न बनेको कानून २०७४ मा समसामयिक सुधार गर्न उक्त ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

खैरहनी नगरपालिकाको छैटौं नगरसभाले यो बिधेयक तयार गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम खैरहनी नगरपालिकाको आर्थिक कार्यविधि नियमीत तथा व्यवस्थित गर्न बनेको कानून २०७४ लाई संशोधन गर्न बनेको बिधेयक २०७६ रहेकोछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. ऐनको दफा २ को खण्ड** (ष) पछि देहायको खण्ड (स) थप गरिएकोछ,

(स) “पदाधिकारी” भन्नाले यस कानूनको प्रयोजनको लागि नगर प्रमुख, नगर उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्य समेतलाई सम्झनु पर्दछ ।

**३. ऐनको दफा ३ को उपदफा** (१) को खण्ड (ङ) पछि खण्ड (च) थप गरिएको छ,

(च) कानून बमोजिम असुल भएको दण्ड, जरिवाना र जफत रकम ।

**४. ऐनको दफा ३ को उपदफा** (३) .....नगरपालिकाको कार्यालय शब्दको सट्टा “कार्यपालिकाको कार्यालय” भन्ने शब्द राखिएको छ ।

**५. ऐनको दफा ४ को उपदफा** (१) मा रहेको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ भन्ने शब्दको पछाडी “यसरी वितिय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने कामको जिम्मेवारी लेखा प्रमुखको हुनेछ” भन्ने शब्द गप गरिएकोछ ।

**६. ऐनको दफा ५ को उपदफा** (४) मा रहेको असार १५ को सट्टा “असार १०” भन्ने शब्द राखिएकोछ ।

**७. ऐनको दफा ६ को उपदफा** (१) को शुरुमा रहेको सभाबाट भन्ने शब्दको अगाडी “नगरसभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकयि अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ” भन्ने शब्द थप गरिएको छ ।

**८. ऐनको दफा ७ मा रहे**को ....आवश्यकता अनुसार “नगरपालिकाले” भन्ने शब्दको सट्टा “कार्यपालिकाले” भन्ने शब्द राखिएको छ ।

**९. ऐनको दफा ९ को उपदफा** (१) मा रहेको ....बचत हुने रकमबाट भन्ने शब्दको पछाडी “रकमान्तर हुने शिर्षकमा बिनियोजन भएको रकमको” भन्ने शब्द थप गरिएकोछ ।

**१०. ऐनको दफा ९ को उपदफा** (२) मा रहेको ... प्रत्योजन गर्न सक्नेछ भन्ने शब्दको पछाडी “यसरी प्रमुख प्रशासकयि अधिकृतले रकमान्तर गरेको जानकारी कार्यपालिकालाई गराउनु पर्नेछ” भन्ने शब्द थप गरिएकोछ ।

**११. ऐनको दफा १३ पछि दे**हायको दफा १३क, दफा १३ख र दफा १३ग थप गरिएकोछ,

**१३क. राजस्व असुली गर्न अन्य संघ, संस्थालाई जिम्मा दिन सक्ने :** (१) नगरपालिकाले आफुलाई प्राप्त हुने राजस्व आफैले असुली गर्नु भन्दा अन्य विभिन्न संघसंस्थाहरुलाई जिम्मा दिंदा प्रशासनीक रुपमा सरल, सहज तथा प्रभावकारी र आर्थिक रुपमा मितव्ययी हुने भएमा त्यस्ता संघसंस्थाहरुलाई राजस्व संकलनको जिम्मेवारी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राजस्व संकलनको जिम्मेवारी दिंदा नगरपालिकाले आवश्यक कार्यविधि तयार गरेर सोही आधारमा जिम्मेवारी दिन सक्नेछ ।

(३) त्यस्ता संस्थाहरुलाई राजस्व संकलनको जिम्मेवारी दिंदा संकलन भएको राजस्वमा साझेदारी गर्ने हिसाबले जिम्मेवारी दिन सकिनेछ ।

तर उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि त्यसरी साझेदारी गर्दा नगरपालिकाको अंश अधिक हुने गरी गर्नु पर्नेछ ।

**१३ख. आय ठेक्का सम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले आफ्नो आय प्राप्तीको लागि प्रचलीत कानून बमोजिम ठेक्का बन्दोवस्त वा लिलाम बढाबढको माध्यमबाट आवश्यकता अनुसार कुनै बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई लगाउन सक्नेछ ।

(२) आय ठेक्का बन्दोवस्त सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१३ग. कालोसूचीमा राख्ने तथा फुकुवा गर्ने :** (१) देहायको अवस्थामा आय ठेक्का बन्दोवस्त वा लिलाम बढाबढको माध्यमबाट कार्य गर्ने कुनै बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताका आधारमा नगरपालिकाले एक वर्ष देखि तिन वर्षसम्म कालो सूचिमा राख्न सक्नेछ ।

(क) प्रचलीत नेपाल कानून बमोजिम बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले पालना गर्नु पर्ने आचरणहरुको पालना नगरेमा ।

(ख) आय ठेक्का बन्दोवस्त वा लिलाम बढाबढको माध्यमबाट स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता सम्झौता गर्न नआएमा ।

(ग) आय ठेक्का सम्झौता कार्यान्वयन गर्दा सारभभूत रुपमा त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा आय ठेक्का सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा प्रमाणित भएमा ।

(घ) आय ठेक्का सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

(ङ) योग्यता ढाँटी वा झुक्याई आय ठेक्का सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा,

(च) निश्चित अवधी तोकि गरिएको आय ठेक्का बन्दोबस्त सम्बन्धी सम्झौता बमोजिमको कार्य अवधी समाप्त नहुँदै बीचैमा छाडेमा

(२) उपनियम (१) बमोजिम कुनै बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीमा राख्नु परेमा त्यस सम्बन्धी विस्तृत विवरण र कारण खुलाई प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रस्तावमा कार्यपालिकाले कालो सूचीमा राख्ने गरी निर्णय गरेमा त्यस्तो बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई नगरपालिका क्षेत्रभित्रको कुनै पनि खरिद कारवाही तथा अन्य आय ठेक्का बन्दोबस्त सम्बन्धी कार्यमा भाग लिनबाट रोक लगाउनु पर्नेछ ।

(४) कालो सूचीबाट फुकुवा गर्ने कार्य कार्यपालिकाले गर्नेछ ।

**१२. ऐनको दफा १४ को उपदफा** (४) पछि देहायको उपदफा (५) थप गरिएको छ,

(५) उपदफा (४) बमोजिमको सरकारी नगदी जिम्मा लिने व्यक्ति कुनै पदाधिकारी भएमा उक्त उपदफा बमोजिमको जरिवाना र प्रचलीत कानून बमोजिम कारबाही नगर प्रमुखले गर्नेछन ।

**१३. ऐनको दफा २० को** उपदफा (३) मा रहेको ....“कार्यपालिकाको अनुमतीले” भन्ने शब्द हटाइएकोछ ।

**१४. ऐनको दफा २० को** उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थप गरिएकोछ,

(६) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएको असुल उपर गर्नु पर्ने बेरुजु प्रमुख प्रशासकीय अधिकृतले कारोबारमा संलग्न पदाधिकारीसंग आवश्यक विवरण लिई असुल गराई फछ्यौंट गर्नु गराउनु पर्नेछ । त्यस्तो प्रतिवेदनमा औंल्याईएको पेश्कि बेरुजुको हकमा प्रमुख प्रशासकीय अधिकृतले पेश्कि लिने पदाधिकारीसंग आवश्यक कागजात, विवरण लिई पेश्कि फछ्यौंट गर्नु पर्नेछ । नियमीत गर्ने बेरुजुका सम्बन्धमा आर्थिक अनियमीतता नभएको, सरकारी हानी नोक्सानी नभएको र सामान्य प्रक्रियागत कमजोरी भई नियमीत गर्ने भनी औंल्याइएको बेरुजु फर्छौटको लागि नगर प्रमुखले नगरसभामा पेश गरेमा र नगरसभाले बेरुजु फर्छौट गर्न मनासीब ठहराएमा नियमीत गर्न सक्नेछ । यस उपनियम बमोजिम असुल उपर भएको, पेश्कि फछ्यौंट भएको र नगरसभाले नियमीत गरेको बेरुजु फछ्यौंट गरी सात दिन भित्र लगत कट्टा गर्न प्रमुख प्रशासकीय अधिकृतले लगत कट्टाको लागि महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्नेछ ।

(७) नगरपालिका स्थापना हुनु भन्दा अगाडीको र नगरपालिका गठन भए पछिको रजिष्टर अडिटरले लेखापरीक्षण गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको असुल उपर गर्ने बेरुजुको हकमा त्यस्तो रकम असुल उपर भए पछि, पेश्कि बेरुजुको हकमा नियमानुसार पेश्कि फछ्यौंट भए पछि प्रमुख प्रशासकीय अधिकृतले लगत कट्टा गर्नेछ । त्यस्तो प्रतिवेदनमा औंल्याईएको नियमीत गर्ने बेरुजुको हकमा

आर्थिक अनियमितता नभएको, सरकारी हानी नोक्सानी नभएको र सामान्य प्रक्रियागत कमजोरी भई नियमीत गर्ने भनी औल्याइएको बेरुजु फछ्र्यौटको लागि नगर प्रमुखले नगरसभामा पेश गरेमा र नगरसभाले बेरुजु फछ्र्यौट गर्न मनासीब ठहराएमा नियमीत गर्न सक्नेछ । नगरसभाले यस उपनियम बमोजिम नियमीत गरेको बेरुजुको लगत कट्टा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

**१५. ऐनको दफा ३१ पछि** देहायको दफा ३२ थप गरिएकोछ,

**३२. प्रोत्साहन वापत रकम भुक्तानी दिन सकिने** : (१) नगरपालिका क्षेत्रमा खानीजन्य पदार्थको अवैध उत्खनन, दहत्तर बहत्तर तथा नदीजन्य पदार्थको अवैध उत्खनन तथा गैरकानूनी ओसारपसारलाई नियन्त्रणलाई प्रोत्साहीत गर्न नगरपालिकाले सुरक्षा निकायलाई प्रोत्साहन वापत निश्चित रकम भुक्तानी दिन सक्नेछ ।

(२) त्यसरी प्रोत्सहान वापत रकम भुक्तानी गर्दा वार्षिक बजेटमा बजेट बिनियोजन गरी खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

(३) प्रोत्साहन वापत दिईने रकम कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र